सिफारिस समितिबाट स्वीकृत मिति
२०७५।१२।२४

# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनौट प्रक्रिया, २०७५

**प्रस्तावनाः**
बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (५) को प्रयोजनको लागि सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिम गठित सिफारिस समितिले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम छनौट गरी सिफारिस गर्न देहायको प्रक्रिया निर्धारण गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस प्रक्रियाको नाम "बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनौट प्रक्रिया, २०७५" रहेको छ।

(२) यो प्रक्रिया सिफारिस समितिले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस प्रक्रियामा,-

(क) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले ऐनको दफा ३ बमोजिम गठन हुने बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले ऐनको दफा ३ को उपदफा (३) बमोजिम गठित सिफारिस समिति सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनु पर्छ।

(च) "सचिवालय" भन्नाले समितिको सचिवालय सम्झनु पर्छ।

## परिच्छेद-२
## समितिको कार्यविधि

३. **समितिको बैठकः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्ये वरिष्ठ सदस्यले गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(७) समितिले आवश्यक ठानेमा समितिको काम कारबाहीसँग सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. **समितिको बजेट र कर्मचारीः** समितिको लागि आवश्यक बजेट र कर्मचारी मन्त्रालायले उपलब्ध गराउनेछ।

५. **समितिको सचिवालयः** समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

## परिच्छेद-३

## आयोगको अध्यक्ष तथा सदस्य सिफारिसको लागि छनौट प्रक्रिया

६. **सार्वजनिक सूचना प्रकाशन गर्नेः** समितिले आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि सिफारिस हुन इच्छुक व्यक्तिहरुलाई अनुसूची बमोजिमको फाराम भरी समितिको सचिवालयमा पेश गर्न कम्तीमा सात दिनको समय दिई राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

▽तर समितिले उपयुक्त सम्झेमा फाराम पेश गर्ने समय आवश्यकतानुसार थप गर्न सक्नेछ र त्यस्तो थपिएको समय खुलाई राष्ट्रियस्तरको पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ।

७. **फाराम बुझाउनेः** दफा ६ बमोजिम सूचना प्रकाशन भएपछि आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि सिफारिस हुन इच्छुक व्यक्तिले सोही सूचनामा उल्लिखित अवधिभित्र अनुसूची बमोजिमको फाराम र सम्बद्ध कागजातहरु समितिको सचिवालयमा बुझाउनु पर्नेछ।

८. **सम्भावित उम्मेदवारको सूची तयार गर्नेः** दफा ७ बमोजिम समितिले आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि सिफारिस गर्न ऐनको दफा ४ बमोजिम योग्यता पुगेका तथा ऐनको दफा ५ बमोजिम अयोग्य नभएका व्यक्तिहरु मध्येबाट सम्भावित उम्मेदवारको सूची तयार गर्नु पर्नेछ।

९. **अन्य व्यक्ति वा संस्थाको सिफारिसमा वा समिति आफैले नाम सूचिकृत गर्न सक्नेः** दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा समितिले ऐनको दफा ४ बमोजिम योग्यता पुगेको र ऐनको दफा ५ बमोजिम अयोग्यता नभएको व्यक्तिहरुको नाम आयोगको अध्यक्ष वा सदस्य पदको सम्भावित उम्मेदवारको रुपमा सूचिकृत गर्न सक्नेछः-

(क) कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ४ बमोजिम योग्यता पुगेको र ऐनको दफा ५ बमोजिम अयोग्य नभएको व्यक्तिहरुको नाम आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि ♠दफा ६ बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधि नाघेको पाँच दिनभित्र सम्बन्धित व्यक्तिको सहमति सहित समिति समक्ष सिफारिस गरेमा,

(ख) दफा ७ बमोजिम फाराम नबुझाएको वा खण्ड (क) बमोजिम सिफारिस नभएको भए तापनि ऐनको दफा ४ बमोजिम योग्यता भएको र ऐनको दफा ५ बमोजिम अयोग्य नभएको कुनै व्यक्तिको विशिष्ट योग्यता र अनुभवको आधारमा निजको नाम सुचिकृत गर्न आवश्यक छ भन्ने लागेमा त्यस्तो व्यक्तिसँग परामर्श गरी समितिले त्यस्तो व्यक्तिको नाम सूचिकृत गर्न सक्नेछ।

१०. **सूचिकृत नामावली सार्वजनिक गर्नेः** दफा ८ र ९ बमोजिम समितिले आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि सिफारिस गर्न तयार गरेको सूचिकृत नामावली सार्वजनिक गर्नु पर्नेछ ।

---

▽ पहिलो संशोधनद्वारा थप ।

♠ पहिलो संशोधनद्वारा संशोधित।

११. **प्रतिक्रिया दिन सक्ने:** (१) दफा १० बमोजिम प्रकाशित सूचीमा नाम समावेश भएका व्यक्तिहरुको बारेमा कसैको कुनै प्रतिक्रिया भए त्यस्तो सूचना प्रकाशन भएको मितिले पाँच दिनभित्र समितिको सचिवालयमा आफ्नो प्रतिक्रिया पेश गर्न सक्नेछ।

(२) आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि सिफारिस गर्दा समितिले उपदफा (१) बमोजिम पर्न आएको प्रतिक्रियालाई गम्भिरतापूर्वक अध्ययन तथा मनन गर्नु पर्नेछ।

१२. **नाम सिफारिस गर्ने:** (१) दफा ८ र ९ बमोजिम सूचिकृत भएका व्यक्तिहरुमध्येबाट समितिले ऐनको दफा ३ को उपदफा (२) बमोजिम निर्धारित संख्यामा आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा समितिले सिफारिस गरिने व्यक्तिको योग्यता र अनुभवबाट निजले आयोगलाई दिन सक्ने योगदान समेतलाई विचार गरी सिफारिस गर्नु पर्नेछ।

१३. **अन्तरक्रिया गर्न सक्ने:** समितिले आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि सिफारिस गर्नु अघि आवश्यकता अनुसार पीडित समुदाय, मानव अधिकारकर्मी तथा समितिले उपयुक्त सम्झेको व्यक्ति वा संस्थाका प्रतिनिधिहरुसँग आवश्यक अन्तरक्रिया गर्न सक्नेछ।

अनुसूची

(दफा ६ सँग सम्बन्धित)

**अध्यक्ष /सदस्य पदमा नियुक्तिको लागि सिफारिस गरी पाउन समिति समक्ष पेश गर्ने फारामको ढाँचा**

श्री बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग /सत्य निरुपण तथा मेलमिलाप आयोगको
अध्यक्ष / सदस्यको नििक्तको लागि सिफारिस समिति,
सिंहदरबार, काठमाडौं ।

त्यस समितिबाट मिति २०७५ साल ........... मा प्रकाशित सार्वजनिक सूचना बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग /सत्य निरुपण तथा मेलमिलाप आयोगको ................ (अध्यक्ष वा सदस्य कुन पदमा सिफारिस हुन चाहेको हो उल्लेख गर्ने) पदमा नियुक्ति भई जिम्मेवारी सम्हाल्ने मलाई इच्छा भएको र बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४ बमोजिम योग्यता पुगेको र दफा ५ बमोजिम अयोग्य नभएको हुँदा आयोगको अध्यक्ष /सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गरी पाउन देहाय बमोजिमको विवरण खुलाई यो फाराम पेश गरेको छु ।

१. पूरा नाम थरः ........................ (नागरिकता बमोजिको नाम उल्लेख गर्ने)

२ ठेगानाः

(क) स्थायी ठेगानाः

जिल्ला .................. न.पा /गा.पा. ................ वडा नं. ........

टोल ........... घर नं. ....

(ख) हालको ठेगानाः

जिल्ला .................. न.पा /गा.पा. ................ वडा नं. ........

टोल ........... घर नं. .... सम्पर्क नं. ......

३. नियुक्तिको लागि सिफारिस हुन चाहेको आयोगको नामः (बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोग मध्ये कुन आयोगमा चाहेको हो स्पष्ट खुलाउने)

४. नियुक्तिको लागि सिफारिस हुन चाहेको पदः

(क) अध्यक्ष (ख) सदस्य (ग) दुवै

५. दुवै पद रोजेको भएमा प्राथमिकताक्रम उल्लेख गर्नेः–

६. हाल कुनै सरकारी वा सार्वजनिक सेवाको पदमा बहाल भईरहेको भएः–

(क) कार्यालयको नामः

(ख) बहाल रहेको पदः

(ग) बहाल भएको मितिः

७. कुनै सरकारी वा सार्वजनिक सेवाको पदबाट अवकाश प्राप्त व्यक्ति भएः–

(क) अवकाश प्राप्त गरेको कार्यालयको नामः

(ख) अवकाश हुँदाको पदः

(ग) अवकाश प्राप्त मितिः

८. देहायको विवरण यसैसाथ संलग्न गरेको छुः–

(क) जन्ममिति, शैक्षिक योग्यता, अनुभव सहित वैयक्तिक विवरण ( BIO-Data दुई पृष्ठमा नबढाई)

(ख) आफू नियुक्त हुन चाहेको पदसँग सम्बन्धित कार्य अनुभव र सो सँग मिल्दो क्षेत्रमा आफूले गरेको योगदानको संक्षिप्त टिप्पणी (पाँचसय शब्दमा नबढाई)

(ग) नियुक्त हुन चाहेको पदमा नियुक्ति भएको अवस्थामा आफूले गर्न सक्ने योगदान र रणनीति (पाँचसय शब्दमा नबढाई),

(घ) सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषयमा कुनै अध्ययन वा अनुसन्धान गरेको भए त्यस्तो अनुसन्धान कृति।